सितागंज शाखा सिंचाई (SS9J) नहर प्रणालीको लागि

सम्पत्ति सम्भार योजना

मस्यौदा प्रतिबेदन

मंसिर २०७४

पेशकर्ता:
ई. संजिव कुमार मिश्र
WME, TA-B; IWRMP

प्राप्तकर्ता:
ई. बिजय शंकर मिश्र
SWME, TA-B; IWRMP

ACRONYMS

AF	:	Additional Fund
AMIS	:	Agency Managed Irrigation System
AO	:	Association Organisor
CR	:	Cross Regulator
DB	:	Division Box
DOI	:	Department of Irrigation
DTO	:	Direct Tertiary Outlet
FAO	:	Food and Agriculture Organisation
FC	:	Field Channel
FGD	:	Focus Group Discussion
GO	:	Gate Operator
HR	:	Head Regulator
IMD	:	Irrigation Managent Division
IMT	:	Irrigation Management Transfer
ISF	:	Irrigation Service Fee
IWRMP	:	Irrigation and Water Resources Management Project
KIS	:	Kankai Irrigation System
MIC	:	Main Irrigation Canal
NARC	:	Nepal Agriculture Research Council
SE	:	Sub-engineer
SC	:	Secondary Canal
SMU	:	Sub project Management Unit
TC	:	Tertiary Canal
TS	:	Tail Structure
VDC	:	Village Development Committee
WMU	:	Water Management Unit
WUA	:	Water Users Association
WUG	:	Water Users Group

बिषय सुची (TABLE OF CONTENT)

१ परिचय (INTRODUCTION)..... १
१.१ आयोजनाको पृष्ठभुमी (Project Background)..... १
१.२ उद्देश्य (Objective) २
१.३ कार्यहरुको क्षेत्र (Scope of Works)..... २
२ उप-आयोजनाको सम्पत्ति तथा बिवरण (SUB PROJECT DESCRIPTION AND ASSETS)..... ३
२.१ ऐतिहासिक पृष्ठभुमी (Historical Development)..... ३
२.२ सितागंज शाखा (S9) नहर प्रणालीको पृष्ठभुमी (Sitagunj Secondary (S9) Canal System Background)..... ४
२.३ भौतिक पृष्ठभुमी (Physiography) ७
२.४ स्थान र पहुँच (Location and Accesibility)..... ७
२.५ हेडवर्क तथा सिंचाई पुर्वाधारको सुबिधा (Headworks and Irrigation Facility)..... ८
२.६ कमाण्ड क्षेत्र (Command Area)..... १३
२.७ बहाव नियन्त्रण संरचना (Flow control structure)..... १५
२.८ जल उपभोक्ता समिति को लागि कार्यालय पुर्वाधारहरु (WUA Office Infrastructures) १६
२.९ सितागंज सिंचाई प्रणाली जल उपभोक्ता समितिको लागि गाडी तथा औजारहरु (WUA_SIS Vehicles and Equipments)..... १६
२.१० सितागंज सिंचाई प्रणालीको कार्यालय संचालनका लागि सामग्रीहरु (Goods in SIS for office operation)..... १६
३ सिंचाई प्रणालीको सम्भार (IRRIGATION SYSTEM MAINTENANCE) १७
३.१. पृष्ठभुमी (General)..... १७
३.२. सम्भारका प्रकारहरु (Maintenance Categories)..... १७
३.३. सम्भार आवश्यकताको पहिचान (Maintenance Need Identification) १९
३.४. प्राथमिकताहरुको निर्धारण (Priorities Determination) २२
३.५. सम्भार कार्यको सिद्धान्त (Principles of Maintenance Actions)..... २४
३.६. सम्भार ब्यवस्थापन (Maintenance Management)..... २५
३.७. नहर प्रणालीको सम्भार अवस्था (Maintenance condition of Canal System)..... २६
३.८. शाखा उपशाखा नहरको सम्भारका गतिबिधिहरु (Maintenance activities of Secondary/Subsecondary Canal) ३१
३.९. मर्मत र सम्भारको लागि सम्भार योजना (Maintenance plan for O&M)..... ३३
३.१०. सिंचाई सुविधाको संचालन तथा सम्भारको लागत (Irrigation Facility O&M Cost) . ३९
३.११. शाखा/उपशाखा नहरको प्रशासनिक खर्च (Administrative Cost of Secondary/subsecondary Canal)..... ४२
३.१२. नहर प्रणालीको बार्षिक संक्षिप्त लागत बिवरण (Annual Cost summary of Canal system)..... ४३

३.१३. शाखा/उपशाखा नहरको लागि बर्षिक बजेट योजना (Annual Budget plan for Secondary / Subsecondary canal) ४४
३.१४. नहर प्रणालीका दिगो कार्य क्षमता स्थिरता प्रदर्शन (Sustainability performance of canal system)..... ४६
४ कार्यको बर्णन (TASK DESCRIPTION) ४७
४.१ जल उपभोक्ता समिति र गेट संचालनको लागि भुमिका (Role for WUA and Gate operator)..... ४७

१ परिचय (INTRODUCTION)

१.१ आयोजनाको पृष्ठभुमी (Project Background)

बिश्व बैंकले धेरै समय अगाडी देखिनै नेपालको सिंचाई तथा जलश्रोतको क्षेत्रमा ठुलो भुमिका खेल्दै आईरहेको छ । यहि भुमिकालाई नै निरन्तरता दिनका लागि बिश्व बैंक र नेपाल सरकार बिच सिंचाई तथा जलश्रोत ब्यवस्थापनका लागि सिंचाई तथा जलश्रोत ब्यवस्थापन आयोजना (IWRMP) सहमती सन् २००८ जनवरी ३१ (2008 Jan 31) मा गरिएको थियो । यस आयोजनाको पहिलो चरण सम्झौता बमोजिम सन् २०१३ जुन ३० (2013 June 30) मा अन्त्य भई त्यस लगत्तै थप १ बर्ष गरी सन् २०१४ जुन ३० (2014 june 30) मा समाप्त भएको थियो । सन् २०१३ डिसेम्बरमा नेपाल सरकारले बिश्व बैंक सँग प्रणालीको पुर्नस्थापना, प्रणालीको आन्तरिकिकरण, प्रणालीको बिकास र सिंचाई तथा कृषि क्षेत्रमा भएको उपलब्धिको उचित सदुपयोगको लागि अतिरिक्त पुँजीको रुपमा US $ 50 million सहयोगको लागि पहल गरिएको थियो । फलस्वरुप यस आयोजनाको लागि थप अतिरिक्त पुँजीको रुपमा सहमति स्वरुप सन् २०१४ जुलाई देखी २०१८ जुलाई ३० सम्म हुने गरि ऋण स्वरुप US $ 30 million र अनुदान स्वरुप US $ 20 million गरि जम्मा US $ 50 million प्रदान गरिएको थियो ।

यस आयोजना अन्तर्गत जम्मा चार वटा घटक रहेका छन् :

क) सिंचाई पूर्वाधारको बिकास तथा सुधार
ख) सिंचाई ब्यवस्थापनको हस्तांतरण (कम्पोनेन्ट-B)
ग) सुधारिएका जल ब्यवस्थापनको संस्थागत तथा नीतिगत सहयोग
घ) एकिकृत बाली तथा जल ब्यवस्थापनको संस्थागत तथा नीतिगत सहयोग

माथिका यी घटक मध्ये कम्पोनेन्ट B को मुख्य उद्देश्य भनेको तराईमा चुनिएका सिंचाई प्रणालीमा सिंचाई सेवा प्रदान र सिंचाई सेवाको कार्यक्षमतामा सुधार गरी जल उपभोक्ता समितिलाई सिंचाई ब्यवस्थापन हस्तान्तरण कार्यक्रम सम्पन्न गर्नु हो ।

सिंचाई ब्यवस्थापन हस्तांतरण कार्यक्रमले निम्नलिखित उपलब्धि हासिल गर्ने लक्ष्य राखेको छ :

- आर्थिक तथा संस्थागत रुपमा सम्पन्न जल उपभोक्ता समिति मार्फत कुशल र उचित सिंचाई सेवा प्रदान गर्ने ।
- चुनिएका सिंचाई योजनाको भौतिक संरचनामा सुधार गरी कार्य क्षमतामा बृद्धि गर्ने ।
- हस्तांतरण सम्झौता अनुसार सिंचाई बिभागबाट भरपर्दो थोक सिंचाई सेवा प्रदान गर्ने ।
- स्वशासित, स्वचालित र आर्थिक रुपले आत्मनिर्भर बन्न जल उपभोक्ता समितिलाई पुनर्गठन तथा सुदृढिकरण गर्ने ।

हाल कम्पोनेन्ट B ले ४ वटा सहयोगी संस्थाबाट व्यवस्थित सिंचाई प्रणालीको ४ वटा उप-प्रणालीको परिचालन र रेखदेख गर्न नीतिगत तरिकाले स्थापित जल उपभोक्ता समितिलाई सहयोग पुर्याइरहेको छ । यी ४ वटा उप-आयोजनाहरु कन्काई सिंचाई प्रणाली (७००० हे.), सुनसरी मोरङ्ग सिंचाई प्रणालीको सितागंज शाखा (८००० हे.), नारायणी सिंचाई प्रणाली (Block-8) ३००० हे. र महाकाली सिचाई प्रणाली पहिलो चरण ५१०० हे. रहेको छ । स्थायी सिंचाई व्यवस्थापन अवधारणाको लक्ष्य प्राप्त गर्ने योजनाहरु पुर्वाधार बिकास, जल व्यवस्थापन, संस्थागत बिकास र सिंचाई प्रणालीमा समायोजित र पर्यावरणिय प्रभावहरुको कमीका उपायहरुमा ध्यान केन्द्रित गरिएको छ । यस आयोजनाले जल व्यवस्थापन र जल उपभोक्ता समितिको बिकास कार्य योजनाको अतिरिक्त बित्तपोषण (AF) को लागि निरन्तर सहयोग गरिरहेको छ । AF को नयाँ सम्झौता अनुसार सिंचाई बिभागले दोस्रो चरणको लागि IMT कार्यक्रम मार्फत सुनसरी मोरङ्ग सिंचाई आयोजनाको रामगंज शाखामा (७८०० हे.), नारायणी सिंचाई आयोजना Block 2 को लागि ३००० हे. र दोस्रो चरणमा महाकाली सिंचाई आयोजनाको लागि ५७०० हे. लागु गर्ने तयारी गरेको छ ।

यस रिपोर्टको तेस्रो चरणको केहि भाग तयारी अवस्थामा रहेको छ - IMT कार्य योजनाको लागि संस्थागत सशक्तिकरण, IMT आयोजनाको कार्यान्वयन तथा जल व्यवस्थापन आयोजनाको सिंचाई कार्यान्वयन पुस्तिका र IWRMP को लागि TOR (TAB) को कार्ययोजना तयारी अवस्थामा रहको छ ।

१.२ उद्देश्य (Objective)

यस कार्यको मुख्य उद्देश्य सुनसरी मोरङ्ग सिंचाई आयोजना अन्तर्गत रहेको सितागंज सिंचाई प्रणालीको लागि सिंचाई नहरको सम्पत्ति सम्भार योजना तयार गरी सिचाई बिभागको सिंचाई व्यवस्थापन महाशाखा अन्तर्गत रहेको सितागंज सिंचाई प्रणाली (SIS) र जल उपभोक्ता समितिलाई नहरको सबै भागलाई मौसमी सिंचाई स्थाई प्रयोगको लागि नहर प्रणाली सम्भार गर्न योग्य बनाउनु हो ।

१.३ कार्यहरुको क्षेत्र (Scope of Works)

सितागंज सिंचाई प्रणाली (SIS) को हालको कार्य सम्पत्ति सम्भार योजनाको तयारीमा मात्र सिमित रहेको छ ।

२ उप-आयोजनाको सम्पत्ति तथा बिवरण (SUB PROJECT DESCRIPTION AND ASSETS)

२.१ ऐतिहासिक पृष्ठभुमी (Historical Development)

भारत सरकारले सन् १९५९ र १९७३ को बिचमा सुनसरी मोरङ्ग सिंचाई आयोजना (SMIP) अन्तर्गत पहिलो चरणमा डिजाईन र निर्माण कार्य चतरा नहर आयोजना (CCP) को नाममा द्विपक्षिय सम्झौता अनुसार सप्तकोशी नदिको पानी श्रोतको रुपमा उपयोग गरेको थियो । यो आयोजना पुर्वाञ्चल बिकास क्षेत्र अन्तर्गत रहेको दुई जिल्ला सुनसरी तथा मोरङ्गमा ६८००० हे. को खेती योग्य जमिनमा सिंचाई गर्न १०,००० हे. को बलौटे क्षेत्र (१,०७,००० हे. ग्रस क्षेत्र) समेतको भागलाई समेटिएको थियो । सन् १९७० देखी १९७५ सम्म गरी ५ बर्षको लागि नहर संचालन परिक्षण गरिसकेपछि उक्त प्रणाली नेपाल सरकारलाई हस्तांतरण गरिएको थियो ।

त्यस बेला देखि दातृ निकायको सहयोगमा पुनःस्थापनाको काम भैरहेको छ । सन् १९७८ मा बिश्व बैंक (IDA) को सहयोगमा पुनःस्थापना कार्यको लागि आयोजनामा सहयोग पुर्याएको थियो । पुनःस्थापना आयोजनाको कमाण्ड क्षेत्र बिकासलाई ३ चरणहरुमा बिभाजन गरिएको थियो । पहिलो चरण (Stage-I) मा पुनःस्थापना कार्यलाई सुनसरी मोरङ्ग सिंचाई आयोजना अन्तर्गत ९,७५० हे. सुनसरी जिल्लाको भागलाई अध्ययन क्षेत्र बिकास, कोशी नदि नियन्त्रण प्रशिक्षण कार्य र थिग्रेको बालुवा नियन्त्रण कार्यको रुपमा समावेश गरेको थियो । यी कार्यहरु सन् १९७८ देखी १९८६ सम्ममा सम्पन्न गरिएको थियो । दोश्रो चरण (Stage-II) को बिकासमा सुनसरी जिल्लाको १६,७०० हे. क्षेत्रलाई अध्ययनको रुपमा बिकास सम्पन्न गरी चतरा मुल नहर को सुधार कार्य गरिएको थियो । यी कार्यहरु सन् १९८८ देखी १९९४ मा सम्पन्न भयो । नयाँ इन्टेकको डिसेल्टिङ्ग बेसिन र फ्लसिङ्ग संरचनाहरुको निर्माण, दोश्रो डिसेल्टिङ्ग बेसिनमा २ वटा बिद्युतीय सञ्चालित मिनि-ड्रेजर मेशिनको स्थापना भई ३.३ मेगावाटको माइक्रो जल बिद्युत स्टेशन मिनि-ड्रेजर सञ्चालनको लागि स्थापना कार्य भयो ।

तेश्रो चरण (Stage-III) को लागि सम्भावित अध्ययन सन् १९९५ मा सुनसरी मोरङ्ग सिंचाई आयोजना-२ (SMIP-II) अन्तर्गत १३५० हे. को क्षेत्रलाई डिजाइन अवधारणाको लागि नमुना डिजाइनको रुपमा लिइएको थियो । दोश्रो चरण (Stage-II)मा कार्यक्षमता मुल्याङ्कनको माध्यमबाट आयोजनाको बिभिन्न मुद्दाहरुको पहिचान गरिएको थियो । यी प्रमुख मुद्दाहरुलाई यसरी बिश्लेषण गरी बर्गिकरण गरियो, - डिजाइन मुद्दाहरु, निर्माणका मुद्दाहरु, जल ब्यवस्थापनका मुद्दाहरु र संचालन तथा सम्भारका मुद्दाहरु र संस्थागत मुद्दाहरुको रुपमा उल्लेख गरिएको थियो ।

यसरी, अगाडीका मुद्दाहरुलाई हटाउनको लागि तेश्रो चरण (Stage-III) मा मुल रुपले कृषि उत्पादन बढाउन र कृषिको आयबृद्धि गर्नको लागि डिजाइन गरिएको थियो । यी दुई उद्देश्यहरुलाई पुरा गर्नको लागि सिंचाई प्रणालीमा समन्यायिक, भरपर्दो र अनुमानित पानीको आपुर्ती परिचालन गर्नुपर्ने अनुमान गरिएको छ । तसर्थ, तश्रो चरण अन्तर्गत सिंचाई प्रणालीको पुनःस्थापना तथा सुधार गर्ने, उचित जल ब्यवस्थापन अभ्यासहरुको परिचालन गर्ने जस्ता प्रमुख कार्यहरु गरी सिंचाई क्षेत्रको बिस्तार गरिएको थियो । तेश्रो चरण (Stage-III) मा यि खण्डहरु सम्पन्न गरिएको थियो ।

सुनसरी मोरङ्ग सिंचाई आयोजना (SMIP) तेश्रो चरण (Stage-III) को पहिलो खण्ड को काम मोरङ्ग जिल्लाको १५,१०० हे. मा नहर नेटवर्क को बिस्तृत डिजाइन र निर्माणको तयारीमा रहेको, कोशी पूर्वी बाढि नियन्त्रण र चतरा मुल नहरको बहाली कार्यको बिस्तृत डिजाइन र निर्माण कार्य यसै खण्डमा गरिएको थियो । अन्य आयोजनाको कम्पोनेन्टमा जल उपभोक्ता समिति, जल व्यवस्थापन, संस्थागत प्रशिक्षण, कृषि र बिस्तारको समेत बिकास गरिएको थियो । Stage-III को पहिलो खण्ड सन् २००३ मा सम्पन्न भएको थियो । Stage-III को दोश्रो खण्डमा मोरङ्ग जिल्लाको १५,४०० हे. र सुनसरी जिल्लाको १५,५०० हे. भागलाई समावेश गरियो र त्यो कमाण्ड क्षेत्रको पुनःस्थापना कार्यको बिकास हाल हुन बाँकी छ । चित्र २.१ मा सुनसरी मोरङ्ग सिंचाई आयोजना (SMIP) को सामान्य लेआउट नक्सा प्रस्तुत गरिएको छ ।



SYMBOL	CANAL NAME	CHAINAGE (Km.)	COMMAND AREA (ha)	DISCHARGE (l/s)	REMARKS
—1	SUNDAR GUNDAR SUB-MINOR	4.5	350	500	OUTLET
—2	SURHASAINA BRANCH (S1)	9.4	8146	5702	HR/CR
—3	CMC-11	10.0	203	244	HR
—4	RAMDHUNI MINOR	12.5	371	260	HR
—5	MANIKCHAURI	14.4	1295	907	HR
—6	CROSS REGULATOR/ESCAPE	15.5		36400	CR
—7	SHINGHIYA MINOR (CMC3-S1)	18.0	740	518	HR
—8	SHANKARPUR BRANCH (S11)	19.3	6850	4795	HR/CR
—9	JHUMKA MINOR (SS4)	20.8	946	1324	HR/CR
—10	BISHRAMPUR MINOR (S8)	22.6	403	5642	HR
—11	SITAGUNJ BRANCH (S9)	24.7	7985	5590	HR
—12	CROSS REGULATOR	25.6		30500	CR
—13	RAMGUNJ BRANCH (S10)	28.4	6845	4792	HR/CR
—14	DUHABI MINOR (S12)	29.5	426	596	HR
—15	BUDHI AQUEDUCT	31.8		26700	AQUEDUCT
—16	ESCAPE	32.4		26700	ESCAPE
—17	BIRATNAGAR BRANCH (S13)	32.9	5252	3629	HR/CR
—18	HATHIMUDA MINOR (SS13A)	33.6	650	878	HR
—19	INTAKE OF S14-T1	34.9	286	356	HR
—20	INTAKE OF S14-T2	36.5	312	418	HR/CR
—21	HARINAGARA BRANCH (S14)	38.1	10533	7373	HR/CR
—22	HURHURIYA BRANCH (S15)	40.3	1900	2660	HR
—23	LOHANDRA SYPHON	41.9		8440	SYPHON
—24	BARIYATI BRANCH (S16)	44.6	5600	3920	HR
—25	NAYAPATTI BRANCH (S17)	47.9	2600	1820	HR/CR
—26	AMJHORA BRANCH (S18)	49.7	960	1344	HR
—27	RANJANI MINOR (S18A)	50.1	960	1344	HR
—28	CHISANG MINOR (S19A)	51.9	170	238	HR
—29	JHAMANPUR BRANCH (S19)	52.7	2075	1463	CMC-END

NOTE:
COMMAND AREA AND DISCHARGE OF CANAL SYSTEM IS ADAPTED FROM NIPPON KOEI DESIGN REPORT/WOP-JULY 1994 AND NEDECO DESIGN FLOW CHART FOR S13 AND S14 CANAL SYSTEM.
1. TOTAL COMMAND AREA = 72350 ha
2. LENGTH OF CHATRA MAIN CANAL = 52.7 Km
3. INTAKE CAPACITY = 60.0 m³/s

चित्र २.१ : SMIP को साधारण लेआउट नक्सा

२.२ सितागंज शाखा (S9) नहर प्रणालीको पृष्ठभुमी (Sitagunj Secondary (S9) Canal System Background)

माथि उल्लेख भए अनुसार दोश्रो चरण (Stage-II) मा सितागंज र रामगंज शाखाहरुको १६,७०० हे. कमाण्ड क्षेत्रको विकास साथै चतरा मुल नहर CMC मा सुधार र सम्बन्धित संरचनाहरु सन् १९८८ नोभेम्बरमा सुरु भई सन् १९९४ जुलाईको अन्त्यमा पुर्ण रुपमा सम्पन्न भयो ।

चतरा मुल नहर (CMC) को च्यानेज २४+८०० (८२ आर डी.) बाट सितागंज शाखा (S9) नहर प्रणाली ९औँ शाखा नहर निस्किएको छ । S9 को कमाण्ड क्षेत्र ७,९८५ हे. मुल रुपले समावेश गरी बिकसित भएको र यो भारतको नजिकैको बोर्डर दक्षिण तर्फ गएको छ । यसको १० वटा उपशाखा नहरहरु (SSCs) र चार वटा प्रशाखा नहरहरु (TCs) १४.३४ कि.मी. को लम्बाई मा फैलिएको छ । S9 नहरको डिजाइन क्षमता ५,६०० लि./से. ले पानीको आवश्यकतालाई पुरा गर्दछ । चित्र २.२ ले S9 नहर प्रणालीमा निर्मित कमाण्ड क्षेत्रको आकारलाई दर्शाउँछ ।

Irrigation and Water Resource Management Project (IWRMP), Component - B
Sitagunj Secondary Canal (S9) System
(Group-A)





चित्र २.२ : S9 नहर प्रणालीको निर्मित कमाण्ड क्षेत्रको आकृती

२.३ भौतिक पृष्ठभुमी (Physiography)

S9 नहर प्रणाली नेपालको पूर्वी तराईमा अवस्थित छ । यसको पूर्वी भाग बुढी खोला, केही भाग बिश्रामपुर र पश्चिममा शंकपुर शाखा सम्म, दक्षिणमा भारतको बोर्डर र उत्तरमा चतरा मुल नहर (CMC) ले चारै तिरबाट घेरेको छ । S9 नहर प्रणालीको लागि पानीको मुख्य श्रोत चतरा मुल नहर (CMC) हो । चतरा मुल नहरले (CMC) कोशी नदिको बाँया किनारमा इन्टेक राखी पानी तानिएको छ । चतरा मुल नहर (CMC) को इन्टेक भाग सम्म कोशी नदिको ५७,००० ब. कि. मि. जलाधार (water course) क्षेत्रले ओगटेको छ । मौसमी बिविधताको कारण पानीको बहावमा उतारचढाव हुनुको साथै बालुवाको मात्रामा पनि घटबढ हुदै जान्छ । कोशी नदीमा पानीको प्रवाह कहिले काँहि बर्खे मौसममा १०,००० घ.मि./से. सम्म पनि पुग्दछ, तथा मार्च महिनाको औसत बहाव ४०० घ.मी./से. सम्म रहेको छ । थिग्रेको बालुवाको भारले गर्दा जनवरी महिनामा ९०ppm र जुन महिनामा २,६८०ppm सम्म पानीमा बालुवाको कणहरु मिसिएको हुन्छ ।

२.४ स्थान र पहुँच (Location and Accesibility)

S9 नहर प्रणालीको केही भाग १.४ कि.मि. खनारको पश्चिमी भाग बाट बलभद्र राजमार्ग (बिराटनगर-धरान-औद्योगिक क्षेत्र) हुँदै गएको छ । S9 को इन्टेक च्यानेज २४+८०० (८२ आर डी.) चतरा मुल नहरमा अवस्थित छ । ग्राभेल सडक कमाण्ड क्षेत्र भरी पुगेको छ । S9 नहरको आधी भाग औरावनी, दुहवी, इनरुवा बाइपास पक्की सडक भएर जान्छ । S9 नहरको कमाण्ड क्षेत्र ८ वटा गा.बि.स. (VDCs) जस्तैः अकम्बा, चांदबेला, मधेली, औरावनी, सतरजोरा, चेवा, सिमरिया र चिमरी रहेका छन् । बिस्तृत बिवरण तालिका २.१ मा उल्लेखित छ ।

तालिका २.१ : S9 नहर प्रणालीको लागि निर्मित कमाण्ड क्षेत्र, डिजाइन डिस्चार्ज र गा.बि.स. ले ओगटेको भाग ।

उपशाखा नहरको नाम	S9 नहर भएर गएको अफटेक	निर्मित कमाण्ड क्षेत्र, हे.	डिजाइन डिस्चार्ज, घ.मी./से.	लम्बाई, मी.	गा.बि.स. ले ओगटेको क्षेत्र	कैफियत
SS9A-T1		६४	०.०८५			CMC बाट लिइएको
SS9A-T2	०+०५०	१२८	०.१६५	१४८५	अकम्बा - ८ & ९	
SS9C	०+०९०	४५८	०.५९१	१५२०	अकम्बा - १, ६, ७ र ८; चान्दबेला - १–२; र मधेली - 4	
SS9B	०+३५०	९८७	१.२७३	१९००	मधेली (१–९); अकम्बा - ९; औरावनी - ८–९ र चान्दबेला - १	मधेली माइनर (मुल नाम)
SS9D	३+२५५	५६६	०.७३	१६७८	चान्दबेला - १–३ & ५–९	
S9-T1	४+५९०	३१९	०.४१२	४०००	औराबनी - १ &, ३–५	
S9-T2	४+५९०	१९१	०.२४६	३३२६	औरावनी - १–२ & ६–७	

SS9E	६+६१८	७२२	०.९३१	४९००	औराबनी - २, ५ & ६ र सतजोरा - ७ & ८	जोगनिया माइनर (मुल नाम)
SS9F	७+०७४	५४१	०.६९८	३८९०	औराबनी - ६, & ७; चेतवा १–३ र सिमरिहा ५–६	छरैया माइनर (मुल नाम)
S9-T3	९+८५६	६६	०.०८५	३२८	सतजोरा – ९	
S9-T4	९+८५६	३२५	०.४१९	३३५०	सतजोरा - ३, ८, & ९	
SS9G	११+३६३	८८२	१.१३८	६८५	चेतवा - ३–५ & ८–९ र चेम्ब्री - ८–९	
SS9H	१२+२९३	३६४	०.४७	१६२०	चेतवा - ५, ६ & ९ र चेम्ब्री - १–४ & ६–९	
SS9I	१४+३४०	१२७८	१.६४९	७९७५	अमरवा - ३, ५ & ६; र चेम्ब्री - ५ र अमरबेला - ४ –७	सितागंज माइनर (मुल नाम)
SS9J	१४+३४०	१०९४	१.४११	१६६८	चेतवा - ५, ६ & ९ ; र चेम्ब्री - १–४ & ६–९	दैत्ता माइनर (मुल नाम)
जम्मा		**७९८५**		**३८३२५**		

*स्रोत: SMU_SMIS

२.५ हेडवर्क तथा सिंचाई पुर्वाधारको सुबिधा (Headworks and Irrigation Facility)

चतरा मुल नहर (CMC) को सिरानमा रहेको साइड वियर (Side Weir) टाइपको इन्टेक संरचना सुनसरी जिल्लाको ऐतिहासिक तथा धार्मिक महत्व रहेको चतरा (बराहक्षेत्र) मा कोशी नदिको बायाँ किनार हुँदै गएको छ । S9 नहर प्रणालीको लागि पानीको मुख्य श्रोत चतरा मुल नहर (CMC) हो । चतरा मुल नहर (CMC) मा भएको पानीको बहाव मा उतारचढाव भयो भने S9 नहर प्रणालीको बहावमा समेत यसले प्रत्यक्ष प्रभाव पार्दछ ।

तालिका २.२ : S9 नहर प्रणालीमा भएको प्रशाखा नहर (TC) र वाटरकोर्ष (WC) को बिस्तारित संख्या

क्र.सं.	उप-शाखा नहर	अफटेकिङ्ग नहर	प्रशाखा नहरको संख्या	वाटरकोर्षको संख्या	कैफियत
१	**SS9A**	SS9A-T1		२	
		SS9A-T2		२	
		Direct WCs		२	
		Sub Total	२	**६**	
२	**SS9B**	SS9B-T1		३	
		SS9B-T2		८	
		SS9B-T3		७	

		SS9B-T4		१५	
		Sub Total	४	३३	
३	**SS9C**	SS9C-T1		३	
		SS9C-T2		४	
		SS9C-T3		६	
		SS9C-T4		४	
		Add		१	समिति निर्माणको क्रममा थपिएको ।
		Sub Total	४	१८	
४	**SS9D**	SS9D-T1		४	
		SS9D-T2		७	
		SS9D-T3		६	
		Direct WCs		३	
		Sub Total	३	२०	
५	**SS9E**	SS9E-T2		५	
		SS9E-T3		४	
		SS9E-T4		४	
		SS9E-T5		३	
		SS9E-T6		४	
		Direct WCs		३	
		Sub Total	५	२३	
६	**SS9F**	SS9F-T1		५	
		SS9F-T2		५	
		Direct WC		९	
		Sub Total	२	१९	
७	**SS9G**	SS9G-T1		२०	
		SS9G-T2		४	
		SS9G-T3		५	
		Direct WCs		१	
		Sub Total	३	३०	
८	**SS9H**	SS9H-T1		३	

		SS9H-T2		९	
		Sub Total	२	१२	
९	**SS9I**	SS9I-T1		८	
		SS9I-T2		४	
		SS9I-T3		११	
		SS9I-T4		११	
		Direct WCs		९	
		Add		१	समिति निर्माणको क्रममा थपिएको ।
		Sub Total	४	४४	
१०	**SS9J**	SS9J-T1		१४	
		SS9J-T2		१३	
		SS9J-T3		५	
		Direct WCs		३	
		Sub Total	३	३५	
११	**S9-T1**	S9-T1		११	
१२	**S9-T2**	S9-T2		७	
१३	**S9-T3**	S9-T3		३	
१४	**S9-T4**	S9-T4		११	
		Sub Total	४	३२	
		Grand Total	३६	२७२	

*स्रोत : निर्मित चित्रहरु (As Built Drawing) र SMU_SMIS

माथि उल्लेखित तालिका २.२ र २.१ अनुसार S9 नहर प्रणाली अन्तर्गत उपशाखा नहर (SSC) औसतन ८०० हे. (७,९८५/१०=७९९ हे.) कमाण्ड क्षेत्रमा सिंचाई सेवा प्रदान गर्दै आएको छ । त्यसैगरी उपशाखा नहर अन्तर्गत प्रशाखा नहर (TC) को औसतन २५० हे. (७,९८५/३६=२२२ हे.) कमाण्ड क्षेत्र सम्म सेवा प्रदान गर्दै आएको छ, र प्रशाखा नहर अन्तर्गत वाटरकोर्षको औसतन ३० हे. (७,९८५/२७२=२९ हे.) कमाण्ड क्षेत्रमा सेवा प्रदान गर्दै आएको छ ।

वाटरकोर्ष/भि.सि. बाट खेत स्तर सम्म सिंचाई गर्न ७ वटा फिल्ड च्यानल (FCs) हरुको प्रावधान गरिएको छ । यसरी फिल्ड च्यानलहरुले सेवा दिदै आएको औसत कमाण्ड क्षेत्र ४ हे. (७,९८५/२७२X७=४ हे.) रहेको छ । S9 नहर प्रणालीको योजनावद्ध लेआउट सन्दर्भको लागि चित्र २.३ मा चित्रण गरिएको छ ।

SS9B शाखा नहरको हाइड्रोलिक गुणहरुको सन्दर्भ बारे तालिका २.३ मा प्रस्तुत गरिएको छ ।

तालिका २.३ : SS9B शाखा नहरको हाइड्रोलिक गुणहरु

SS9J

Chainage	Reach	Q	B	D	H	S	V	CBL		WSL		REMARKS
0+000		1.411	2.7	0.79		0.000333	0.46	75.95	75.94	76.74		E.P of S9
0+458								75.8	75.68	76.69	76.39	PD-1 (SS9J-T1)
0+480		0.88	2.11	0.71		0.000244	0.39	75.69		76.38		SS9J-R-1, DP-1, H=0.31m
0+480		0.848	2.08	0.71		0.000244	0.38	75.36		76.07		
0+562								75.34	75.26	76.05	76	CV-1
1+109								75.11	75.1	75.82	75.81	SS9J-R-3
1+124		0.803	1.97	0.7		0.000244	0.38	75.1	74.74	75.81	75.44	SS9J-L-2
1+135								75.1		75.81		DP-2, H=0.38
1+135		0.76	1.97	0.7		0.000227	0.36	74.74		75.44		
1+616								74.62	74.57	75.32	75.27	CV-3
1+666								74.56		75.27		E.P, PD-2, SS0J-T2, T3

SS9J-T1

Chainage	Reach	Q	B	D	H	S	V	CBL		WSL		REMARKS
0+000		0.531	1.49	0.52		0.0005	0.45	75.77		76.6	76.29	0=458 of SS9J
0+020								75.76	75.78	76.28		SS9J-T1-1
0+040		0.484	1.5	0.5		0.0005	0.43	75.77	75.67	76.27		SS9J-T1-2
0+500		0.445	1.49	0.6		0.000206	0.31	75.58	75.53	76.18	76.13	CV-1
0+830								75.46	75.41	76.06	76.01	CV-2
0+865								75.4	75.46	76.8		SS9J-T1-3
0+950		0.417	1.49	0.56		0.000238	0.32	75.42	75.44	75.98		SS9J-T1-4
1+507		0.378	1.52	0.54		0.000217	0.3	75.32	75.35	75.06		SS9J-T1-5
1+540		0.347	1.5	0.51		0.000233	0.3	75.34	75.29	75.85	75.8	CV-3
1+550								75.29	75.32	75.8	75.8	SS9J-T1-6
1+800		0.311	1.51	0.48		0.000238	0.29	75.26	75.1	75.74		SS9J-T1-7
1+833		0.214	1.02	0.44		0.000294	0.29	75.29	75.37	75.73		SS9J-T1-8, SS9J-T1-9
2+015		0.147	0.59	0.36		0.000625	0.36					CD-1
2+335								75.05				CD-2
2+364								75.04	75.08	75.4	75.4	SS9J-T1-10
2+385		0.1	0.6	0.32		0.000444	0.29	75.07	74.52	75.39	74.84	CV-4, DP-2, H=0.55
3+150												CD-3

3+177		0.081	0.61	0.28		0.000476	0.28	74.17	74.21	74.49		SS9J-T1-11, T1-14 (3+183)
3+570								74.02		74.3		E.P, SS9J-T1-12;13
SS9J-T3												
Chainage	**Reach**	**Q**	**B**	**D**	**H**	**S**	**V**	**CBL**		**WSL**		**REMARKS**
0+000		0.261	1	0.43		0.000476	0.37	74.5		76.93		E.P of SS9J
0+283								74.37	73.37	74.8	73.8	SS9J-T3-1®, DP-1 (H=1000m)
		0.209	0.98	0.43		0.000303	0.3					
0+614								73.27	73.22	73.7	73.65	CV-1
1+221								73.04	72.28	73.47	72.69	SS9J-T3-3®, DP-2, H=0.80m
		0.185	0.81	0.39		0.0005	0.34					
1+250								72.27	71.3	72.66	71.66	SS9J-T3-2(L), DP-3 (H=1m)
		0.103	0.6	0.36		0.000303	0.25					
1+720								71.16	71.11	71.52	71.47	CV-2
1+974								71.03	70.98	71.39	71.34	CV-3
2+504								70.82	70.77	71.16	71.13	CV-4
2+900								70.65		71.01		T3-4, T2-4B, T3-5, E.P.

SS9J - R1

Chainage	**Reach**	**Q**	**B**	**D**	**H**	**S**	**V**	**CBL**		**WSL**		**REMARKS**
0+000	650m	0.03	0.28	0.2		0.000909	0.26	75.89		76.09		0+468 of SS9J
Fo = 4 and R-1B (3nos)												

SS9I - L2

Chainage	**Reach**	**Q**	**B**	**D**	**H**	**S**	**V**	**CBL**		**WSL**		**REMARKS**
0+000	350m	0.038	0.29	0.2		0.001667	0.32	75.32		75.52		1+124 of SS9J
	599m	0.038	0.33	0.2		0.001429	0.3					
Fo = 4 and L - 2B (3nos)												

SS9J - R3

Chainage	**Reach**	**Q**	**B**	**D**	**H**	**S**	**V**	**CBL**		**WSL**		**REMARKS**
0+000	500m	0.043	0.31	0.21		0.001667	0.33	75.35		75.56		1+109 of SS9J
Fo = 2, R-3B (3nos), R -3C (2nos)												

*Source: As built drawings



चित्र २.३ : शाखा नहर प्रणालीको योजनाबद्ध लेआउट ।

२.६ *कमाण्ड क्षेत्र (Command Area)*

S9 शाखा नहर प्रणाली ७,९८५ हे. सिंचाई गर्न बिकसित भएता पनि S9 नहर प्रणालीको सम्बन्धित अफटेकिङ्ग नहरहरुको पार्सलरी नक्सा बनाउने क्रममा त्यसको कमाण्ड क्षेत्र सँगै S9-SMIS को जल उपभोक्ता समितिलाई फेज-१ मा SMU / IWRMP (आ.ब. २०१२/१३) मा संसोधित गरियो । S9 नहर अन्तर्गत सम्बन्धित अफटेकको डिजाइन र बिवरणहरु प्राप्त गरी SMIS को प्रणाली ब्यवस्थापन इकाई बाट संसोधित कमाण्ड क्षेत्रको तालिका २.४ मा प्रस्तुत गरिएको छ :

तालिका २.४ : S9 नहर प्रणालीको लागि डिजाइन, निर्मित र संसोधित कमाण्ड क्षेत्रको बिवरण

उप-शाखा नहरहरुको नाम	S9 नहर बाट गएको अफटेक	निर्मित कमाण्ड क्षेत्र, हे.	डिजाइन डिस्चार्ज लि./से.	डिजाइन ड्युटी लि./से./हे.	संसोधित कमाण्ड क्षेत्र, हे.	संसोधित डिजाइन ड्युटी लि./से./हे.	कैफियत
SS9A-T1		६४	८५	१.३३	६४	१.३३	चतरा मुल नहर बाट लिएको अफटेक ।
SS9A-T2	०+०५०	१२८	१६५	१.२९	१६०	१.२५	
SS9C	०+०९०	४५८	५९१	१.२९	४५८	१.२९	
SS9B	०+३५०	९८७	१२७३	१.२९	९००	१.४१	
SS9D	३+२५५	५६६	७३०	१.२९	५६६	१.२९	
S9-T1	४+५९०	३१९	४१२	१.२९	३१९	१.२९	
S9-T2	४+५९०	१९१	२४६	१.२९	१९१	१.२९	
SS9E	६+६१८	७२२	९३१	१.२९	७२२	१.२९	
SS9F	७+०७४	५४१	६९८	१.२९	५४१	१.२९	
S9-T3	९+८५६	६६	८५	१.२९	६६	१.२९	
S9-T4	९+८५६	३२५	४१९	१.२९	३२५	१.२९	
SS9G	११+३६३	८८२	११३८	१.२९	८२२	१.२९	
SS9H	१२+२९३	३६४	४७०	१.२९	३६४	१.२९	
SS9I	१४+३४०	१२७८	१६४९	१.२९	१२७८	१.२९	
SS9J	१४+३४०	१०९४	१४११	१.२९	१०९४	१.२९	
S9		**७९२१**	**५६००**	०.७१	**७८०६**	०.७२	
Total		**७९८५**			**७८७०**		

यस तालिकामा उल्लेख गरिए अनुसार IWRMP को पहिलो चरणको कार्यान्वयनको क्रममा SMU द्वारा संसोधित कमाण्ड क्षेत्र र निर्मित कमाण्ड क्षेत्रमा खासै धेरै अन्तर छैन । यसको अतिरिक्त, S9 नहर अन्तर्गतका शाखा नहर र प्रशाखा नहरको डिजाइन क्षमता क्रमशः शाखा नहरको सिरानमा १.२९ लि./से./हे. को ड्युटी, S9 को क्षमता ०.७१ लि./से./हे. छ । फलस्वरुप S9 को सिरानमा डिजाइन गरिएको बहावको ड्युटी त्यसको अफटेक भन्दा आधा (

०.७१/१.२९=०.५५) यसको अफटेकहरु हुन गएको छ । तसर्थ, S9 को डिजाइन क्षमतामा निरन्तर बहाव हुदा पनि S9 को आधी कमाण्ड क्षेत्र मात्र सिंचित गर्न सक्दछ ।

२.७ बहाव नियन्त्रण संरचना (Flow control structure)

हामीलाई बिधित छ, जल उपभोक्ता समिति (WUA) द्वारा किसानहरुको खेतमा पानी बितरण गर्ने सिंचाई प्रणालीलाई ब्यवस्थित गर्नको लागि बहाव नियन्त्रण संरचनाको मुख्य भुमिका रहन्छ । यसरी, बहाव नियन्त्रण संरचनाद्वारा पानी बितरण गर्ने प्रणालीमा अझै बढी पारदर्शी र समन्यायिक रुपले खेती स्तरको सिंचाई प्रणालीमा देखिएको समस्याहरुलाई समेत संस्थागत समाधान गर्न मद्दत गर्दछ । यसबाट जल उपभोक्ताहरुलाई निम्नलिखित फाईदा पुर्याउँदछ :-

- जल उपभोक्ताहरु बाट सिंचाई पालोको पर्खाइको समयमा कमि भई समयको बचत भएर जान्छ ।
- पानीको आपुर्ती नहरहरुको तह मार्फत संतुलित तथा समान रुपमा गर्न सकिन्छ । त्यसबाट खास गरी पुच्छार तर्फको जल उपभोक्तालाई पानीको पँहुच प्राप्त गराउन सकिछ ।
- बिशेष गरी, माझ (Middle) र पुच्छार (Tail) सम्मको जल उपभोक्ताहरु सिंचाई सेवा बाट सन्तुष्ट भएमा सिंचाई सेवा शुल्क (ISF) को संकलनमा सुधार हुँदै जानेछ ।
- प्रशाखा नहरहरुको माझ (Middle) तथा पुछार (Tail) सम्म यसरी पानी पुग्ने हुँदा बाली उत्पादनमा बृद्धि भएको छ ।
- पुच्छार तर्फको (Tail Enders) जल उपभोक्ताहरुको कुल आम्दानीमा बृद्धि हुन्छ ।
- धेरैजसो सिचाईंको पालो सम्बन्धी विवादमा कमि हुन्छ ।

सितागंज शाखा नहर (S9) को मुखमा ढोके संरचना बहाव नियन्त्रणको लागि अवस्थित छ । S9 अन्तर्गत सम्बन्धित उपशाखा/प्रशाखा मा निश्चित बहाव प्राप्त गर्न, पानीको सतह नियन्त्रण गर्ने संरचनाहरु क्रस रेगुलेटरहरु (CR_S) S9 नहरमा श्रृखलाबद्ध (Series) रुपमा अवस्थित छ । उपशाखा नहर अन्तर्गत प्रशाखा नहरहरुमा पानीको अनुपातिक भाग गर्ने उद्देश्यले पि.डी. (Proportional Divider) संरचना वियर जस्तै अवस्थित छ । त्यसैगरी, S9 बाट प्रत्येक उपशाखा/डाइरेक्ट प्रशाखामा पानीको बहाव नियन्त्रण र आपुर्ती गर्न ढोके संरचनाहरु (HR) तथा नियन्त्रित पानीको पारदर्शी मापन गर्न एच.आर मुनि वियर संरचना समेत अवस्थित छ ।

S9 नहर प्रणाली हुँदै गएको S9 नहरको नियमन डिस्चार्जलाई अफटेकिङ्ग गरी उपशाखा नहरहरु (SSC_S) र प्रशाखा नहरहरु (TC_S) को सम्बन्धित इन्टेकमा मेनुवली संचालन हुने भर्टिकल स्लाइडिङ्ग हेड रेगुलेटरको प्रावधान गरिएको छ । यसबाहेक, डिस्चार्ज मापन संरचनाहरु डाउनस्ट्रिमको हेड रेगुलेटरको सिरानमा अवस्थित भएकोले सम्बन्धित उपशाखा नहरहरु (SSC_S) र प्रशाखा नहरहरु (TC_S) मा भएको ब्रोड क्रिस्टेड वियरले इच्छित/चाहेको डिस्चार्जलाई मापन गर्दछ ।

त्यस्तै S9 नहरको च्यानेज ९+३०१ म स्केप संरचनाको प्रावधान गरिएको छ, जसले सिंचाईको लागि चाहेको भन्दा बढी पानीलाई सुरक्षित साथ बाहिर नजिकको खोलामा फाल्दछ ।

प्रशाखा (TC) को पुच्छारबाट निस्किएको वाटरकोर्स (WC) को अन्तिम भागमा टेल संरचनाहरु (TS) उपयुक्त रुपमा राखिएको छ । तथापि, उचित आन्तरिक जल निकासी प्रणाली (Internal Drainage) को कमिको कारणले समय-समयमा S9 कमाण्ड क्षेत्रको प्रशाखा नहर (TC) को पुर्ण वा आंशिक भाग नहर अवरुद्ध र भत्किन जान्छ ।

२.८ जल उपभोक्ता समिति को लागि कार्यालय पुर्वाधारहरु (WUA Office Infrastructures)

सितागंज सिंचाई प्रणालीको कार्यालय भवन सुनसरीको औरावनीमा अवस्थित छ ।

२.९ सितागंज सिंचाई प्रणाली जल उपभोक्ता समितिको लागि गाडी तथा औजारहरु (WUA_SIS Vehicles and Equipments)

सितागंज सिंचाई प्रणालीको जल उपभोक्ता मुल समितिमा भएका गाडी तथा सामग्रीहरुको सुची निम्नलिखित छ :

क्र.सं.	गाडी तथा औजारहरु	संख्या	अवस्था	कैफियत
१	स्काभेटर	१		
२	ट्रयाक्टर	१		
३	कम्बाइन्ड थ्रेसर (गँहु र धान)	१		
४	मोटर साइकल	१		

२.१० सितागंज सिंचाई प्रणालीको कार्यालय संचालनका लागि सामग्रीहरु (Goods in SIS for office operation)

सितागंज सिंचाई प्रणालीको कार्यालय संचालनको लागि सामानहरुको सुची निम्न उल्लेखित छन् :

क्र.सं.	सामग्रीहरुको बिवरण	संख्या	अवस्था	कैफियत
१	कम्प्युटर सेट (डेस्कटप)	१	चालु	
२	यु.पी.एस.	१	चालु	
३	फेटोकपी मेशिन र प्रिन्टर	१	चालु	
४	प्लास्टिक कुर्सी		चालु	
५	ल्याप्टप			
६	मल्टी-मिडिया प्रोजेक्टर			
७	मोवर			
८	जि.पी.एस			
९	स्टिल/मुभी क्यामेरा			
१०	मोवाईल सेट			
११	अल्मिरा			
१२	अन्य फर्निचरका सामग्रीहरु			

३ सिंचाई प्रणालीको सम्भार (IRRIGATION SYSTEM MAINTENANCE)

३.१. पृष्ठभुमी (General)

सिंचाई प्रणालीमा सम्भार भनेको व्यवस्थित तथा बैज्ञानिक ढंगले पानीको आपुर्ती बढाउनका लागि चाहिने पुनःस्थापन/पुनःनिर्माणका क्रियाकलापहरु हुन ।

सम्भार का उद्देश्यहरु यस प्रकार छन् :

- निर्वाद रुपमा भरपर्दो र समन्यायिक (Spatially Equitable) पानी सुनिश्चित गर्न नहर प्रणाली लाई सधैभरी स्थिर अवस्थामा राख्ने ।
- उचित प्रतिफलका लागि नहर प्रणालीलाई पुनःस्थापन/पुनःनिर्माण गरी पानीको चुहावट कम गर्ने र थिग्रेको बालुवालाई हटाउने ।
- सिंचाई प्रणालीको पुर्वाधार सुबिधाहरुको क्षतिमा कम गरी सिंचाई संरचनाहरुको आयु तथा प्रयोग बढाउँछ ।
- मर्मत सम्भारको कमिको कारणले हुन जाने स्थगित मर्मत (Deferred Maintanance) को उच्च खर्चबाट जोगाउँदछ ।

३.२. सम्भारका प्रकारहरु (Maintenance Categories)

बिस्तारित रुपमा सम्भार रोकथामका लागि सम्भार र सुधारकारी सम्भार गरी जम्मा २ प्रकारका हुन्छन् । यस्ता प्रकारका सम्भारहरु यसरी पुरा हुन्छन् :

१. दैनिक (Routine) सम्भार
२. मौसमी (Seational) सम्भार
३. आवधिक वा बार्षिक सम्भार
४. आपतकालिन सम्भार

प्रणालीको आयु भरी नहरहरुलाई पुर्ण संचालित अवस्था बनाई राख्न प्रति दिन काम गर्ने सम्भार भनेको दैनिक सम्भार हो । नियमित सम्भार अन्तर्गत सामान्य रोकथाम गरी बढी लागत लाग्ने समस्या नियन्त्रण गरिन्छ । यसमा सम्भार कार्य नियमित रुपमा सम्पुर्ण सिंचाई मौसमका लागि खटाइएका मजदुर समुहबाट गरिन्छ । यदि सम्भार कार्य सक्षम तरिकाबाट सम्पन्न भयो भने यो अत्यन्त लागत प्रभावकारी हुन्छ । दैनिक मर्मत कार्य जसमा बिशेष दक्षता चाहिदैन, त्यसलाई निम्नानुसार उल्लेख गरिएको छ :

- गेटहरुमा ग्रिजिङ्ग ।
- नहरको किनारा र नालाबाट झारपात हटाउने ।
- नहर, नाला तथा संरचनाहरुबाट बालुवा हटाउने ।

अन्य दैनिक सम्भारका क्रियाकलाप, जसमा दक्ष कार्यदल चाहिन्छ, त्यसलाई निम्नानुसार उल्लेख गरिएको छ :

- गेट र मापन संरचनाहरुको मर्मत
- फलामे संरचनाहरुको पुनः पेन्टिङ्ग
- पानी सतहको चिन्हको स्थापना
- जल यान्त्रिक उपकरणहरुको सानोतिनो मर्मत तथा सम्भार

मौसमी सम्भारले ठुला नियमित सम्भारलाई जनाउँदछ, जुन नहर संचालनको क्रममा आइपर्ने गर्दछ । यस्तो सम्भार कार्य साधारण मजदुर वा साना निर्माण व्यवसायीहरुले नहर पालो बन्दको समयमा (मौसमी) पुरा गर्न सक्दैन । मौसमी मर्मतका कार्यहरु सिंचाई मौसमका बिच गरिन्छ, जव नहरहरु सुख्खा हुने गर्दछन् । यस सम्भार अन्तर्गत सम्भारका कार्यहरु जस्तै :- हाइड्रोलिक संरचनाहरुको किनारको डाउनस्ट्रिममा स्कोरिङ्ग ठिक गर्ने, नहरको किनारा ठिक गर्ने, नहरको भारी चुहावट ठिक गर्ने, गेटको सानोतिनो मर्मत गर्ने, नहर बाट मध्यम स्केलमा बालुवा हटाउने, सर्भिस रोड र किनाराको सम्भार गर्ने जस्ता कार्य गर्न सकिन्छ । यो केहि प्रमुख समस्याका लागि अस्थायी रुपमा गर्नका लागि निवारक उपाय हुन सक्छ, जुन आवधिक सम्भारको समयमा पुरा गर्न आवश्यक छ । यो फोर्स अकाउन्टको रुपमा बर्गिकृत गर्न सकिन्छ, जहाँ बास्तविक कार्य लागतको लागि भुक्तानी गरिन्छ ।

आवधिक सम्भार कार्य वा बार्षिक सम्भार कार्य जसमा हाइड्रोलिक संरचनाहरुको पुनःस्थापना, भारी मात्रामा बालुवाको उत्खनन (Desilting), सर्भिस रोडको ब्यापक मर्मत कार्यहरु उल्लेख गरिएको हुन्छ । यस प्रकारको कार्य बार्षिक मर्मत सम्भार कार्यक्रम अन्तर्गतको नहर प्रणालीको बार्षिक समाप्तिको समयमा पुरा गरिन्छ ।

आपतकालिन सम्भार एक यस्तो सम्भार हो, जुन तुरुन्त रोक्न सकिएन भने नहर प्रणालीमा गम्भीर हानि तथा नोक्सानीको कारण हुन सक्दछ । यदि यस्तो समस्या उचित समयमा रोक्न सकिएन भने नहर र खेतमा बिनासकारी समस्या आउन सक्दछ । उदाहरण का लागि, निश्चित घटना जुन आपतकालिन मर्मत/सम्भारको बेला आइपर्न सक्छन्, जस्तै :

- पाइपिङ्ग अथवा नहरको डिल भासिने कारण इन्बैंकमेन्टको फेलियर
- बाढी वा भारी बर्षाको घटना
- किसानहरुको अनाधिकृत हस्तक्षेपका कारण इन्बैंकमेन्टमा दुलो बनाई अनाधिकृत जल निकासी, नहर अवरुद्ध, ढोकाहरुमा छेडछाड र अन्य यस्ता गतिबिधिहरु
- स्केप संरचनाहरु अवरुद्ध
- सिंचाई सुविधाहरुको संचालनमा लापार्वाहि

यस अतिरिक्त, सम्भारको बर्गिकरण बिशिष्ठ अनुभव र छनौटको बिषय हो । यस प्रणाली बर्गिकरणमा सम्लग्न ब्यक्तिहरुको बिशिष्ठ निगरानी, निरिक्षण, मापदण्ड तथा कामकाजको योजना र सम्भारको मात्रामा बर्गिकरणका लागि सहमतीको आवश्यकता पर्दछ ।

३.३. सम्भार आवश्यकताको पहिचान *(Maintenance Need Identification)*

जल उपभोक्ताहरुको पानी आपुर्ती सेवाको कार्य क्षमतालाई ध्यानमा राखी, गेट संचालक तथा कार्य निरिक्षकद्वारा सम्भारको आवश्यकतालाई पहिचान गर्नुपर्दछ । कार्यदलले सम्भारको आवश्यकताको जानकारी जल उपभोक्ता सँग छलफल गरी वा यसको अतिरिक्त सम्भारका लागि प्रत्येक नहरमा हेरबिचार गरी सर्भेक्षण गर्नुपर्दछ ।

प्रत्येक नहर खण्डको सम्भारको अवस्था अवलोकन गर्न सुरुवातमा जल आपुर्ती/बितरण प्रबाह (डिस्चार्ज तथा पानीको स्तर) का कन्ट्रोल प्वाइन्ट्स जस्तै : हेड रेगुलेटर, क्रस रेगुलेटर, ब्रोड क्रिस्टेड डिस्चार्ज मापन गर्ने संरचना, प्रोपोस्नल डिस्ट्रिब्युटरका संरचनाहरु, युनिट आउटलेटका संरचनाहरु तथा फिल्ड आउटलेटका संरचनाहरु बाट गर्नुपर्दछ । पारदर्शी तरिकामा पानी प्रयोगका लागि क्यालिब्रेटेड आउटलेटहरु बिच साझा पानीको अधिकार सुनिश्चित गर्न यो महत्वपुर्ण छ । यस बाहेक प्रत्येक नहर तहमा सिपेजको चुहावटलाई मापन गर्न आवश्यक छ । फलस्वरुप, थोक पानी आपुर्तीलाई मुख्य कन्ट्रोल प्वाइन्टमा सुनिश्चित गर्न र जल ब्यवस्थापन प्रणालीमा सुधार ल्याउन सकिन्छ । कुनैपनी नहरको क्षमतालाई त्यसको समुचित परिचालनमा ल्याउन प्रत्येक नहरको हाइड्रोलिक सर्भेक्षण गरी स्करिङ्ग तथा सेडिमेन्टेसनको जानकारी राख्नु पर्दछ । सिंचाई पुर्वाधार सुबिधाको सुची (Inventory) को लागि मापदण्ड मार्गदर्शन तालिका **३.१** मा उल्लेखित छ ।

तालिका ३.१ : हाइड्रोलिक संरचना/नहर सम्भार सुचीको लागि मापदण्डको जाँच

क्र.स.	संरचनाको आकारको संरक्षण (निर्धारित कार्य गर्नका लागि)		कैफियत
	मापदण्ड	**सम्भाबित लक्षणहरु/संकेत**	
क	*मेशोनरी संरचना*		
१	पर्खाल/फाउन्डेशन सेटलमेन्ट/सिङ्क	बेड/जोडाईको बिभिन्न भागमा चर्केको ।	
२	बिस्थापन	संरचनात्मक इकाईले यसको मुल स्थान परिवर्तन गर्दछ, जस्तै : ट्रापेजोइडल खण्डमा ग्याबियन लाइनिङ्ग वा मेशोनरी ब्लकहरुको भित्री स्लोप वा बेडको आकार भत्काई त्यसको साइज अपरिवर्तित राख्दछ ।	
३	चर्केको र चुहावट	इम्बैंकमेन्टको उच्च पोर चापले वा निर्माणको कमिले गर्दा संरचनाहरुको इकाई भागहरु निश्चित रुपमा भत्किने ; इम्बैंकमेन्टको पर्खालसँग टासिएको माटोले गर्दा खाल्डो पर्ने ।	
४	भुई/बेडमा क्षती	पुर्ण प्रबाहका कारण घुमेको पानीले गर्दा स्टिलिङ्ग बेसिन वा संरचनाहरुको सिस्टर्नमा राखिएका साना देखी मध्यम ढुङ्गाहरुमा क्षती हुने ।	

५	स्प्यालिङ्ग	मिश्रित साम्रगीको भागमा अवस्थित सतह बिघटन : उदाहरणार्थ; निरन्तर प्रयोगका कारण उजागर पुनःबार संरचनाको सतह भत्किनु ।	
६	झुकाव	पर्खाल डिजाइन भएको अवस्था बाट अलग हुनु ।	
७	संरचनाहरुको अपस्ट्रिम र डाउनस्ट्रिम मा स्काउर	संरचनाहरुको कन्टोर मा सिपेज ; संरचनाहरुको अपस्ट्रिम र डाउनस्ट्रिम मा बैंक स्लाइडिङ्ग ।	
८	संरचनाहरुको इकाईमा अन्तराल	संयुक्त वाटरस्टोप वा निर्माण जोडहरुमा दोष ।	
ख	***हाते संचालित भर्टिकल स्लाइडिङ्ग गेट वा स्थिर गेट***		
९	स्किन प्लेट मा चर्केको /प्वाल	पुर्ण रुपले बन्दको स्थितीमा पनी स्किन प्लेट बाट अलिअलि पानीको निकासी ।	
१०	गेट प्लेट, लिप र ब्रेसिङ्ग फ्रेममा खिया	इनामेल पेन्ट कभरको कमी र खिया लागेको ।	
११	च्यानलको भित्ता र भुइमा खिया	इनामेल पेन्ट कभरको कमी र खिया लागेको ।	
१२	रबर सिल (च्यानलको भुई र छेउमा स्थिर राखेको)	पुर्ण रुपले बन्दको समयमा पनी भुई र साइड च्यालन फ्रमबाट अलीअली पानीको चुहावट ।	
१३	फलामे स्पिन्डल, बुस, हातेपाइग्रा र गेटको ताला	हेण्डल संचालनले गर्दा क्रस रेगुलेटर र हेड रेगुलेटरको फरक हेडमा हुने यान्त्रिक फाइदामा कमी हुन जाने ।	
ग	**माटोको नहर**		
१४	बेडको थिग्रो	क्रस सेक्सनको पानी निर्वाहमा कमी, च्यानलको डाउन स्ट्रिममा क्रस रेगुलेटरको प्रयोगले गर्दा अप स्ट्रिममा बर्मको गठन ।	
१५	बैंकको स्लाइड/स्लग र च्यानलको आकार	भित्रि स्लोपको आकार परिवर्तन र जनावरहरुको अतिक्रमणले गर्दा क्रस सेकसन क्षेत्रमा बृद्धि र अधिक सिपेज क्षती ; समानान्तर च्यानल बिच उच्च सिपेज ग्रेडिएन्ट ।	
१६	स्थानिय थिग्रेको बालुवा	क्रस रेगुलेटर र क्रेस्ट जस्तो ओभर फ्लो हुने संरचनाहरुको नजिकको अपस्ट्रिममा बालुवा जम्मा भएको ।	

१७	बनस्पती र भत्केको	किसानहरु द्वारा इम्बैंकमेन्टका पुर्ण तथा केहि भागहरु भत्काई अनाधिकृत जल निकासी; नहर प्रबाह बाहिर निस्केको; नहर वा नालाको समानान्तर च्यानल बिच उच्च सिपेज ग्रेडिएन्ट; नहरको इम्बैंकमेन्टमा अधिक बनस्पतिको क्षति ।	
१८	इम्बैंकमेन्ट भोइड्स र अनाधिकृत आउटलेटहरु	इम्बैंकमेन्टको माटो इकाईको भिन्न भिन्न बिस्तार ; खेती सिंचाई वा माछा पोखरीको लागि अनाधिकृत पाइप आउटलेट जसले नहर क्रस सेक्सनमा खतरा हुन सक्छ र उच्च सिपेज मार्फत नहरको स्थिरता सम्म पुग्न सक्छ ।	
१९	सर्भिस ग्राभेल सडक	कृषि वा औद्योगिक ढुवानीको लागी लाइट/भारी सवारी साधनको उच्च/कम यातायातको कारण ग्राभेल रोडको हानी ; यातायातको लागि प्राबिधिकरण र जल उपभोक्ता समितिले पनि प्रयोग गर्ने ।	

यस अतिरिक्त नहर संचालन र सम्भार कार्यदल लाई प्रत्येक नहरको सम्भार गर्न सामान्य निरिक्षण फारम स्पष्ट रुपमा भर्नुपर्ने हुन्छ । उक्त फारम **तालिका ३.२** मा प्रस्तुत गरिएको छ ।

तालिका ३.२ : नहर सम्भार आवश्यकताको लागि सामान्य निरिक्षण फारम

नहरको नाम :
नहरको लम्बाई :
निरिक्षकको नाम : **निरिक्षण मिति :**

क्र.सं.	च्यानेज	संरचनाको ढाचा	सम्भारको चेकजाँचको बर्णन	कैफियत/चित्र
१				
२				
३				
समग्र टिप्पणी:				

Good (G):	चालु संरचना जसलाई सम्भारको कमिबाट रोक्न नियमित सम्भार आवश्यक पर्दछ ।
Fair (F):	Damage in component parts of structural form is apparent and/or ability to perform intended function in designed/desired range (Q and WL) of operation is adequate
